# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## साईपाल गाउँपालिका
## बझाङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

साईपाल गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

साईपाल गाउँपालिका

बझाङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ५५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
साईपाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बझाङ ।

१. **कैफियत सहितको राय** — हामीले साइपाल गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड १८ लाख ४२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्राप्त प्रतिक्रिया उपर कारबाही भई रु. ६३ लाख २६ हजार फछ्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ९ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७० लाख ४३ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ४४ लाख ३४ हजार र पेश्की बाँकी रु. १ करोड ३१ लाख २३ हजार समेत रु. ४ करोड ५५ लाख ३३ हजार रहेको छ । यस गाउँपालिकाको गत वर्ष सम्म रु. ८ करोड ६ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ७२ लाख ५८ हजार रहेको छ । साईपाल

गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने साईपाल गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# साईपाल गाउँपालिका

## बझाङ

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३३ | ३८ | ५१८४२ | ० | ४ | ६३२६ | ० | ० | ४५५३३ | ९३३ | २४४३४ | ७०४३ | ० | ० | ३१४७७ | १३१२३ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | ८०६१३ | ० | २८८८८ | ५१७२५ | ० | ४५५३३ | ९७२५८ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ६३२६२१५ |
| | चालु वर्षको जम्मा | | | ६३२६२१५ |
| | गत विगत वर्षतर्फको | | | |
| २ | २०७८।७९ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ९९२९८५६ |
| ३ | २०७६।७७ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | १५७९५८३५ |
| ४ | २०७५।७६ | विभिन्न दफा | विभिन्न दफाहरुको जम्मा रकम | ३१६१९१८.४३ |
| | गत विगतको जम्मा | | | २८८८७६०९ |
| | कुल जम्मा | | | ३५२१३८२४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । यस साईपाल गाउँपालिकामा ५ वडा, १४६७.२७ वर्ग किलोमिटर क्षेत्रफल, २९ सभा सदस्य तथा २०७८ को तथ्याङ्क अनुसार २ हजार १ सय ८२ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।८ देखि २०८०।६।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु. ६५ करोड ४२ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा वडा नं ३, ४ र ५ को राजस्व जरिवाना रु. ६४८० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

२ **वित्तीय प्रतिवेदन-** आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन

| प्राप्ति भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| | | यस वर्ष रु. | | |
| विवरण | टिप्पणी | बजेट | जम्मा | जम्मा |
| प्राप्ति (क+ख) | | २३,४६,५२,७६२.०० | २२,६०,०२,८८१.१७ | १८,७८,९७,५१६.४० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | २३,१९,०४,०००.०० | २१,८१,४५,२११.१७ | १८,६३,९०,२१८.४० |
| ११००० कर | ११ | ५,९२,००,०००.०० | ५,३२,१७,४२८.१७ | ३,५६,७२,८३०.९० |
| १३००० अनुदान | | १७,२७,०४,०००.०० | १६,४९,२७,७८३.०० | १५,०२,३८,७८७.५० |
| संघीय सरकार | १२ | १६,२४,००,०००.०० | १५,४६,५०,१२४.०० | १३,५३,२०,८२९.५० |
| प्रदेश सरकार | १२ | १,०३,०४,०००.०० | १,०२,७७,६५९.०० | १,४९,१७,९५८.०० |
| १४००० अन्य राजस्व | | ० | ० | ४,७८,६००.०० |
| ख. अन्य प्राप्ति | | २७,४८,७६२.०० | ७८,५७,६७०.०० | १५,०७,२९८.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | २७,४८,७६२.०० | २७,४८,७६२.०० | १५,०७,२९८.०० |

| | | | | |
|---|---|---|---|---|
| धरौटी | | ० | ५१,०८,९०८.०० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | २३,४६,५२,७६२.०० | २०,४०,०९,५२२.६४ | १८,५२,३२,६४९.५६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | २३,१९,०४,०००.०० | २०,१२,७३,३२२.६४ | १८,३३,९८,३४५.५६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ६,९८,१६,०००.०० | ५,८३,१८,८७६.६४ | ४,८०,६८,४९७.५६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५,९२,९६,०४०.०० | ५,२६,१७,५७६.०० | ४,५२,८९,८६७.०० |
| २५००० सहायता (Subsidy) | १८ | ४६,९२,०००.०० | ४१,६५,०००.०० | १,१८,८९,०१५.५० |
| २६००० अनुदान | १८ | १३,००,०००.०० | १३,००,०००.०० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २८,८०,०००.०० | २७,२९,४२४.०० | ४१,३८,५००.०० |
| २८००० अन्य खर्च | १८ | १६,००,०००.०० | १५,९७,८००.०० | १२,००,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ९,२३,१९,९६०.०० | ८,०५,४४,६४६.०० | ७,२८,१२,४६५.५० |
| घ. अन्य भूक्तानी | | २७,४८,७६२.०० | २७,३६,२००.०० | १८,५२,३२,६४९.५६ |
| कोषहरु | | २७,४८,७६२.०० | २७,३६,२००.०० | १८,३४,३०४.०० |
| धरौटी | | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | २,१९,९३,३५८.५३ | २६,६४,८६६.८४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | | २८,०४,८४३.४५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | २,१९,९३,३५८.५३ | ५४,६९,७१०.२९ |
| | | | | |
| बैंक तथा नगद बाकी | २४ | | २,१९,९३,३५८.५३ | ५४,६९,७१०.२९ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **प्रदेश समपुरक अनुदान-** पालिकाले समपुरक योजना कार्यान्वयन गर्दा अनुदान सम्बन्धि कार्यविधि बमोजिमको पालिकाले व्यहोर्नुपर्ने योगदान खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष प्रदेश समपुरक अनुदानबाट संचालन हुने प्रशासकीय भवन निर्माण योजना कार्यान्वयन गर्दा जम्मा रु ५०००००० खर्च गरेकोमा प्रदेश अनुदानबाट ५०००००० नै खर्च गरेको पाइयो । गाउँपालिकाबाट व्यहोरर्नुपर्ने रकम कुल खर्च रकमको ५० प्रतिशतले हुने २५००००० गाउँपालिकाले नव्यहोरी सो समेत प्रदेश समपुरक अनुदानबाटै खर्च लेखेको पाइएकोले गाउँपालिकाले नव्यहोरेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,००,००० |

४ **संघीय समपुरक अनुदान-** पालिकाले समपुरक योजना कार्यान्वयन गर्दा अनुदान सम्बन्धि कार्यविधि बमोजिमको पालिकाले व्यहोर्नुपर्ने योगदान खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष संघीय समपुरक योजनाबाट संचालन भएका देहायका योजना संचालन गर्दा गाउँपालिकाले देहायअनुसार ३९७५०९९ घटी खर्च व्यहोरेको पाइयो । घटी खर्च गरेको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| योजनाको नाम | यस वर्ष भएको कुल खर्च | संघीय अनुदानबाट भएको खर्च | गाउँपालिकाबाट भएको खर्च | गाउँपालिकाले व्यहोरेको घटी खर्च |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कारकोटदेखी साइपाल हिमालसम्म बाटो निर्माण | ३२९६५३७ | ३२९६५३७ | ० | १६४८२६८ |
| लासि तटबन्ध | ४६५३६६२ | ४६५३६६२ | ० | २३२६८३१ |
| **जम्मा** | | | | **३९७५०९९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,७५,०९९ |

५ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारको खर्चनभएको १३१२६४९ अनुदान रकम २०८०।६।११ गते फिर्ता गरेको पाइयो। खर्च नभएको अनुदान आर्थिक वर्षको अन्तसम्ममा फिर्ता गर्नुपर्दछ ।

६ **विशेष अनुदान** - विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ८(२) मा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष विशेष अनुदानबाट देहायअनुसारका योजना उपभोक्ता समितिबाट संचालन गरी जम्मा १००००००००।०० खर्च गरेको पाइयो । कार्यविधि विपरित योजना संचालन गरी खर्च गरेको अनियमित देखिएको रु

| योजनाको नाम | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|
| धुली खानेपानी योजना | धुली खानेपानी निर्माण उस | ५०००००० |
| कारकोट खानेपानी योजना | कारकोट खानेपानी निर्माण उस | ५०००००० |
| **जम्मा** | | १०००००००० |

| | |
|---|---|
| अनियमित भएको | १,००,००,००० |

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७४४०००० | १६३०४८८४ | 8.10 |
| २ | पूर्वाधार विकास | ६५५२५००० | ५४९१२५९५ | 27.28 |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | ६८५५५००० | ६४९२२८०४ | 32.26 |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३१२९००० | ११६२२४०९ | 5.77 |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७२५५००० | ५३५१०६१९ | 26.59 |
| जम्मा | | २३१९०४००० | २०१२७३३११ | 100.00 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३२.२६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ५.७७ प्रतिशत रहेको छ ।

८ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १४८४१८० राजस्व बाँडफाँड र अनुदानबाट रु २१११९८६१८ समेत रु २१२६८२७९८ आम्दानी भएकोमा चालु तर्फ रु १२०७२८६७६ र पूँजिगत तर्फ रु ८०५४४६४६ समेत रु २०१२७३३२२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५१०४५०० खर्च भएको छ जुन आन्तरिक आयको ३४३.९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.९८ प्रतिशत चालु र ४०.०२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ३३ करोड ७० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी गाउँपालिकाका अध्यक्षले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१० **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | कुल खर्च | **त्रैमासिक खर्च** | |
|---|---|---|---|

| बजेट उपशिर्षक | | प्रथम | दोस्रो | तेश्रो | चौथो | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | ८०५४४६४६ | २३११५६३ | २४२५१५८० | १९५७१६०९ | ३४४०९८९४ | १७२९४३९२ |
| प्रतिशत | १०० | २.८७ | ३०.११ | २४.३० | ४२.७२ | २१.४७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक ८०५४४६४६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा २३११५६३ (२.८७ प्रतिशत), दोस्रो त्रैमासिकमा २४२५१५८० (३०.११ प्रतिशत), तेस्रो त्रैमासिकमा १९५७१६०९ (२४.३० प्रतिशत) र चौथो त्रैमासिकमा ३४४०९८९४ (४२.७२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र १७२९४३९२ हजार (२१.४७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका कुल ६१ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४७ | ५ | २ | ४० |
| २. | वडास्तरीय | १४ | ६ | ० | ८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **धरौटी फिर्ता-** निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले धरौटी राखेको एकीन गरी धरौटी खाताबाट धरौटी फिर्ता गर्नुपर्नेमा गोश्वारा भौचर नं २।०७९।६।४ बाट मिलन निर्माण सेवाको २१७००० धरौटी विगत वर्ष कट्टि गरी धरौटी खातामा नलगेको भनी यस वर्ष खर्च खाताबाट फिर्ता गरेको पाइयो । गाउँपालिकाले मुअकर समायोजन पेश नभई धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१७,००० |

१३ **विविध तथा सभा संञ्चालन खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु. ३३९८२२० र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि रु. २९३६०० समेत कुल रु. ३६९१८२० खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आय रु. १४८४१८० को २४८.७४ प्रतिशत हुन आउछ ।आन्तरिक आयको अनुपातमा खर्च मितव्ययी हुनुपर्दछ ।

१४ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ

१४.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०३५४३२७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १०१८१२०० र गरिव संग विश्वेश्वर कार्यक्रमको ४६३००० समेत गरी रु ११२६२९३२७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४.२ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ५४६७९०२।२९ , यस वर्षको प्राप्ति रु. १०९३६१८६९।७४ ,यस वर्षको भुक्तानी रु ११४८२९६६९।०३ र यस वर्षको मौज्दात रु १०३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक

कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत `वर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ० | २२६००२८८१।१७ | २०४००९५२२।६४ | २१९९३३५८।५३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५४६७९०२।२९ | ३३५३६४७५०।९१ | ३१८८३९१९१।६७ | २१९९३४६१।५३ |
| फरक | ५४६७९०२।२९ | १०९३६१८६९।७४ | ११४८२९६६९।०३ | १०३ |

### १४.३ फरक जिम्मेवारी

*........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु. ५,४६२,४१२ सम्परीक्षण गरिएको ।)*

१४.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाले भदौ ३ गते पुँजिगत खर्च खाताबाट ३५६०००, चालुखर्च खाताबाट २२५६० र भदौ १३ गते आन्तरिक राजस्व खाताबाट १४२६३१९ संचित कोषमा ट्रान्सफर गरेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

१४.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १६८७१८८८.५३ | १५०२४६०९.३३ | १८४७२७९.२ |
| चालु खर्च खाता | ० | ३२४०० | ३२४०० |
| पुंजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ५३६२ | ११३५१ | ५९८९ |

| | | | |
|---|---|---|---|
| विपद व्यवस्थापन खाता | ७२०० | ७२०० | ० |
| धरौटी | ५१०८९०८ | २८६८९०८ | २२४०००० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | १७४०४७५ | १७४०४७५ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | | | ५८६६१४३.२ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

१५ **कानून र संचालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ ऐन, २ नियमावली, ५ कार्यविधि, १ निर्देशिका लगायत १० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१६ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको । यो वर्ष ३ विवाद दर्ता भएकोमा ३ फस्यौट भई फछ्यौट हुन बाँकी देखिएन ।

१७ **पेश्की फछ्यौंट नगरेको -** गाउँपालिकाले एकीकृत स्वास्थ्य पूर्वाधार अन्तर्गत दश शैयाको हस्पिटल निमार्ण ठेक्का मिति २०७९।२।२० गते २१००३५९८६।४९ ठेक अंकमा टिडिआर जुगल जेभि संग सम्झौता गरेको पाइयो । गाउँपालिकाले गत वर्ष दिएको पेश्की १७९०५७७३ यस वर्ष अल्या गरेको छ । सम्झोताको स्पेसियल कन्डिसन अफ कन्ट्याक्टको जिसिसि ५७.३ मा भुक्तानी ३० प्रतिशत कटेपछि पेश हुने विलको ४० प्रतिशत रकम पेश्की कट्टी गर्ने शर्त रहेको छ। पालिकाले तेस्रो रनिङ्ग विल २०८०।३।३१ मा भुक्तानी गर्दा सम्झौताको ३० प्रतिशत भुक्तानी कटेकोमा सम्झौताबमोजिम तेस्रो रनिङ विल रकम ५०८३२००० को ४० प्रतिशतले खाम्ने सम्पूर्ण पेश्की रकम कट्टि गर्नुपर्नेमा प्रथम रनिङ विलबाट रु ३५८११५४ र तेस्रो रनिङ विलबाट रु ४३००००० गरी जम्मा ७८८११५४ मात्र पेश्की फछ्यौंट गरी १००२४६१९ पेश्की फछ्यौंट गर्न बाँकी देखियो । सम्झौताको शर्त बमोजिम तेस्रो विल भुक्तानी गरेको मिति २०८०।३।३१ मै सम्पुर्ण पेश्की फछ्यौंट गर्नुपर्नेमा १००२४६१९ पेश्की फछ्यौंट गर्न बाँकी रहेकोले सो मितिभन्दा पछिको बार्षिक सयकडा १० प्रतिशतको दरले व्याजसमेत असुल गरी पेश्की फछ्यौंट गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| पेश्की | १,००,२४,६१९ |

१८ **बढी पेश्की -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) मा सार्वजनिक निकायले बैक जमानत लिई सम्झौता रकमको २० प्रतिशतमा नबढने गरी पेश्की दिनसक्ने व्यवस्था छ ।गाउँपालिकाले प्रशासकीय भवन निर्माण कार्य मिलन निर्माण सेवा संग २०८०।३।२४ मा ४८६२९६७।६३ ठेक अंकमा सम्झौता गरी गोश्वारा भौचर १५।०८०।३।२४ बाट २७०८६६४ पेश्की दिएको पाइयो । भ्याट बाहेकको सम्झौता रकम ४३०३५१० को २० प्रतिशत ले हुने ८६०७०२ रकम पेश्की दिन मिल्नेमा २७०८६६४ दिई १८४७९६२ बढी पेश्की दिएको पाइयो । बढी पेश्की दिएको रकम र सो रकमको बार्षिक सयकडा १० प्रतिशत व्याज समेत असुल हुनुपर्ने रु

| | |
|---|---|
| पेश्की | १८,४७,९६२ |

१९ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ ।पालिकाले मोविलाईजेसन पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्यौट हुन नसकेको पेश्की फछ्र्यौट गर्नुपर्ने रु

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | विवरण | म्याद ननाघेको मोविलाइजेसन पेश्की | अन्य पेश्की |
|---|---|---|---|---|
| ०७९।१०।९ | हरीलाल बोहरा | सम अनुदान | | १००००० |
| ०७९।१२।२७ | हरीलाल बोहरा | सम अनुदान | | १००००० |
| ०८०।२।२ | हरीलाल बोहरा | सम अनुदान | | १००००० |
| ०७९।११।१६ | धलौन आधारभुत स्वास्थ्य इकाई केन्द् | स्वास्थ्य व्यवस्थापन | | ९५००० |
| ०७९।११।३० | मिडिया विकास केन्द्र | पाठेघर खस्नेलाई औषधि उपचार | | २००००० |
| ०७९।९।३ | धुलि आधुनिक घट्ट निर्माण उस | आधुनिक घट्ट निर्माण | | १००००० |
| ०७९।११।५ | दोदले झोपु निर्माण उस | झोलङ्गे पुल निर्माण | | २००००० |
| ०७९।६।६ | महेन्द्र सिंह धामी | सिमा प्रहरी चौकी निर्माण | | ९५००० |
| ०७९।११।१२ | रमेस बहादुर विष्ट | निरन्तर सिकाई | | २६०००० |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | | १२५०००० |

| | |
|---|---|
| पेश्की | १२,५०,००० |

२० **कर्मचारी व्यवस्था** - कर्मचारी व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ६९५५५०७।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| इन्जिनियर | १ | ७२१४८७ |
| सव इन्जिनियर | २ | ६५१४३० |
| अहेव | ८ | २८१८०१० |
| अनमि | ६ | २०३३७२० |
| ल्याव असिसटेन्ट | २ | ७३०८६० |
| जम्मा | | ६९५५५०७ |

| | |
|---|---|
| अनियमित भएको | ६९,५५,५०७ |

२१ **सेवा प्रवाह** - यस वर्ष पालिकाबाट प्रवाह भएको सेवाको विवरण देहायबमोजिम छ ।

| विवरण | सेवा प्राप्तिका लागि माग | सेवा संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | ४४ | ४४ |
| नाता प्रमाणित | १३ | १३ |
| जन्म र मृत्युदर्ता | १८९ | १८९ |
| अन्य | ४९० | ४९० |

२२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन ।

२२.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आ.व. ०७३/७४ पछिको वेरुजुको लगत राखि अद्यावधिक गरेको पाइएन ।

२२.२ सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।

२२.३ म. ले. प. फाराम ९०५ बमोजिमको सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गरी राखेको पाइएन

२२.४ म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः
मलेप फाराम ९०७ र ९०८ बमोजिम भ्रमण भ्रमण अभिलेख खाता राख्ने गरेको पाइएन
म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गरेको पाइएन

२२.५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन
- कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार

पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन

- भ्रमण विल स्वीकृति नभई भ्रमण खर्च भुक्तानी गर्ने गरेको पाइयो
- खर्च भुक्तानी दिँदा सम्बन्धितको खातामा भुक्तानी नगरी कर्मचारी तथा जनप्रतिनिधिको नाममा सोधभर्ना भुक्तानी गर्ने गरेको पाइयो ।

---

२३ **रकम सम्बन्धितको खातामा जम्मा नगरेको** - आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षण गरी हेर्दा पालिका वाट भएका निम्नानुसारको कार्यक्रममा सम्वन्धित कर्मचारीहरुको खातामा जम्मा गरिनुपर्नेमा एक जनाको नाममा चेक काटिने र उक्त कर्मचारीले भर्पाइको आधारमा भुक्तानी खर्च लेख्ने देखिएकोले सम्वन्धित कर्मचारी तथा पदाधिकारी कै खातामा जम्मा गरिनु पर्दछ।

| भौन।मिती | विवरण | रकम | बुझ्नेकर्मचारीको नाम |
|---|---|---|---|
| १६७।२०७९।११।१७ | वैठक भत्ता | २४३००० | नरेन्द्र धामी |
| १७८।२०७९।११।१९ | दैनिक तथा भ्रमण भत्ता | १८८००० | नरेन्द्र धामी |
| १९२।२०७९।११।२६ | दैनिक तथा भ्रमण भत्ता | ४६२५० | नरेन्द्र धामी |
| १९५।२०७९।११।२६ | आर्थिक सहयोग | २०००० | हरिलाल वोहरा |
| १२७।२०७९।११।२ | आर्थिक सहयोग | १०००० | दिपक वोहरा |
| १५४।२०७९।११।१० | आर्थिक सहयोग | २०००० | कम्मान वोहरा |
| १६०।२०७९।११।११ | आर्थिक सहयोग | २०००० | विमलादेवि वोहरा |
| १६०।२०७९।११।११ | आर्थिक सहयोग | ४०००० | प्रदिप वोहरा |
| | | | |

---

२४ **कानूनी सल्लाहकार** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले कानूनी सल्लाहकार नियुक्त गरी

यस वर्ष कुल रु. १५०००० भुक्तानी भएको छ ।कानून बमोजिम राख्न नमिल्ने कर्मचारी राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

२५ **नगदी रसिद व्यवस्थापन** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ९५ (१)अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनैप्रकारले हस्तान्तरण भइ वा वस्तुगत सहायता वा कुनै प्रकार वाट प्राप्तहुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाइ सम्पत्ति तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी वांधी लगत अध्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ।पालिका वाट प्रयोग गरिएका नगदी रसिदहरु जिन्सी कितावमा आम्दानी वांधी राख्ने नगरेको हुनाले आम्दानी खर्च र वांकीको अवस्था यकिन गर्न सकिएन।जिन्सी खाता व्यवस्थित तरीकाले राखिनु पर्दछ।

२६ **स्पेसिफिकेसन वेगर खरिद** - ४१६।२०८०।३।२३ आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लघुउध्यम विकाश कार्यक्रम अन्तरगत पालिकाले उन प्रशोधनका लागि फाइवर ओपनर मेशिन १ सेट खरिद गरी जिएम ट्रेड एण्ड सप्लायर्स वाट खरिद गरी रु २०५००० भुक्तानि गरेकोमा उक्त सामग्रीको स्पेशिफिकेशन वेगर विलको भर्पाइको आधारमा ढुवानी भाडा रु ४८००० समेत गरी २५०००० खर्च लेखि भुक्तानि गरेको देखिएकोले यसरी खर्च लेखेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,५०,००० |

२७ **घरभाडा** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१० )अनुसार कुनै रकमको रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जांच गर्नु पर्ने व्यवस्था छ।कार्यालयका कर्मचारीले आवास सुविधा पाउने व्यवस्था नभएकोमा कार्यपालिकाले कर्मचारी आवासका लागी निम्नानुसारको घरभाडा वापत रु २०६४००।खर्च लेखेको नियम सम्मत नदेखिएको रु

| घर धनीको नाम | घर भाडा रकम |
|---|---|
| गोरे वोहरा | १०४४०० |
| गोर्ख वोहरा | १८००० |
| धनलाल वोहरा | ८४००० |
| जम्मा | २०६४०० |

| | |
|---|---|
| अनियमित भएको | २,०६,४०० |

२८ **सामाजिक सुरक्षा भत्ता नगदै वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा १५(२) मा सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा सम्बन्धित लाभग्राहीको बैकखातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष १०३५४३२७ सामाजिक सुरक्षा भत्ता नगद वितरण गरेको पाइयो । सामाजिक सुरक्षा भत्ता वितरण बैंकीङ्ग प्रणालीबाट हुनुपर्दछ।

२९ **शिक्षक दरवन्दी र पदपूर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ ।

| सि.नं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १—८ | ११ | २९ | १८ | ६६२ | १:२३ |
| २ | कक्षा ६ —८ | ० | १४ | १४ | २७४ | १:२० |
| ३ | कक्षा ९ —१० | ० | १५ | १५ | १२४ | १:०९ |
| ४ | कक्षा ११— १२ | ० | ० | ० | ३९ | १:०० |

३० **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४१ जना स्वयंसेवक शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ११८२४००।० तलब भुक्तानी गरेको पाईयो ।अतः दरबन्दी स्वीकृत वेगर शिक्षक भर्ना गरी तलब भुक्तानी गर्ने कार्य नियम विपरित भएकोले दरबन्दी मिलान गरी स्वीकृत दरबन्दी अनुसार तलब खर्च लेख्नुपर्दछ ।

३१ **स्यानिटरी प्याड- स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १६२ जना रहेका छन। पालिकाले सगुन ट्रेडर्सबाट ५१८३थान स्यानिटरी प्याड रु.२४४९८६।० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि एकमुष्ट ४ वटा विद्यालयलाई भर्पाई गरी बुझाएको छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा समयमा नै प्याड खरिद गर्नुपर्दछ ।

३२ **ब्रोड व्याण्ड इन्टरनेट सेवा-** नेपाल दुरसंचार प्राधिकरण काठमाण्डौबाट मिति २०७९।२।१७मा भुकम्पबाट अति प्रभावित ८ जिल्ला र काठमाण्डौ उपत्यका बाहिरका ६६ जिल्लाहरुका आधारभूत विद्यालयहरुमा ब्रोड व्याण्ड इन्टरनेट सेवा जडान तथा सन्चालन गर्ने सम्बन्धमा स्थानीय तहसँग समझदारी पत्रमा हस्ताक्षर गर्ने सम्बन्धि सूचना प्रकाशन गरेको रहेछ । ग्रमिण दुर संचार कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोड व्याण्ड इन्टरनेटको पहुँच पुर्याउन नेपाल दूर संचार प्राधिकरण काठमाण्डौ र साइपाल गाउँपालिका बिच भएको सम्झौता मा प्राधिकरणले तय गरेको औषत दरभन्दा बढी नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूर संचार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमति पत्र प्राप्त सेवा प्रदायक मध्येबाट एक सेवा प्रदायक छनौट कार्य सम्पन्न गर्ने शर्तमा रु ४८३४००।०० नेपाल दूर संचार प्राधिकरणबाट प्रप्त भएकोमा कार्यालयले प्रति विद्यालय रु ८०५६६।६६ का दरले ६ विद्यलयमा निकासा दिएको छ । उक्त सम्झौता अनुसार प्रतिस्पर्धाको आधारमा कार्य सम्न्न नगरी सांग्रिला इन्फरमेटिभ प्रा लि बानेश्वर पान नं ३०१५४४७७३ को कर विजक संलग्न गरी भुक्तानी गरेको छ ।शिक्षा युवा तथा खेलकूद शाखाको आ व २०७९।८० को बार्षिक शैक्षिक स्थिति प्रतिवेदनमा कूनै पनि विद्यालयमा इन्टरनेट सेवा उपलव्ध नभएको उल्लेख भएको हुँदा इन्टरनेट जडानको अनुगमन गरी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको प्रतिवेदन समेत समावेश गरी इन्टरनेट सेवा सुचारु भएको आश्वस्त गराउनु पर्दछ ।

३३ **डिपिआर खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्स सेवा खरिद गर्दा लागत अनुमान बनाउनुपर्ने र लागत अनुमान टिओआर का आधारमा बनाउनुपर्ने तथा नियम ७२ मा कम्तिमा ३ वटा मौजुदा सूचीमा सुचिकृत परामर्सदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी २० लाख सम्मको परामर्स सेवा खरिद गर्नपाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष देहायअनुसारका योजनाको डिपिआरको टिओआर तथा लागत अनुमान तयार नगरी प्रस्तावदातामध्ये घटी कबोल गर्नेले पेश गरेकै मुल्यमा देहायअनुसारको डिपिआर खरिद गरेको पाइयो । डिपिआर तयार भएका योजनाहरु कार्यान्वयन भएको प्रमाण पेश हुनुपर्दछ। लागत अनुमान तयार नगरी डिपिआर खरिद गरेकोले खरिद भएको डिपिआर बास्तविक मुल्यमा खरिद भएको एकीन नभएको रु

| गो भौ र मिति | डिपिआर | परामर्सदाता | खरिदमुल्य |
|---|---|---|---|
| ३।०७९।७।२४ | कारकोटखानेपानी योजना | मष्टाइन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९५१६६ |
| ५।०७९।९।१९ | धुलीखानेपानी योजना | आवासइन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९६५२२ |
| १०।०८०।२।२५ | गाउँपालिकाप्रशासकीय भवन | मष्टाइन्जिनियरिङ्ग कन्सल्टेन्सी | १९९६९३२ |
| | **जम्मा** | | **२९८८६२०** |

| | |
|---|---|
| अनियमित भएको | २९,८८,६२० |

३४ **ट्रयाकसुट वितरण-** आर्थिक कार्यविधित तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले धनौल धुली काडा सैक्षिक स्तर उन्नती कार्यक्रमबाट रु २८५००० मा २२० थान ट्रयाकसुट खरिद गरेको पाइयो । खरिद भएका ट्रयाकसुट विद्यार्थीलाई वितरण गरेको भरपाई पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८५,००० |

३५ **आनुपातिक कट्टि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम रु ५४३०२५।०० असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु

| **गोभौनं./मिति** | **उपभोक्ता समितिर काम** | **सम्झौता रकम** | **भुक्तानी रकम** | **कार्य सम्पन्नरकम** | **उपभोक्ताले व्यहोर्ने %** | **घटी अनुपातिककट्टी रकम** |
|---|---|---|---|---|---|---|
| ६९।०८०।३।२३ | धुली खानेपानी निर्माण उस | ४९३५६५८. | ४५००००. | ४८०३६७३. | ८.८२ | १२०३३५ |
| ५०।०८०।२।३ | धलौन मावि | ३६५६६८२ | २६३२९८० | २९९३४५४. | २६.१६ | ४२२६९० |
| | **जम्मा** | | | | | **५४३०२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४३,०२५ |

३६ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था छ । गाउँपालिकाले काकरकोट देखी साइपालसम्म बाटो निर्माण कार्य पिटि निर्माण सेवा संग सोझै खरिद गरेकोमा ९९६१५२ को नापी तथा विल पेश हुदा १०१९३१३ भुक्तानी दिई २३१६१ बढी भुक्तानी दिएको पाइयो । बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१६१ |

३७ **मालपोत रसिद-** गाउँपालिकामा प्रयोग भएका मातपोत रसिद र सो बाट संकलन भएको राजस्व हिसाव एकिन गर्नुपर्दछ र संकलन भएको राजस्व राजस्व खातामा दाखिला गर्नुपर्दछ । गाउँपालिकाले विभिन्न वडा तथा पालिकाले मालपोत वाट उठाइएको रसिद पेश नगरेको हुंदा सो वाट उठेको राजस्व रकम यकिन गर्न सकिएन। पालिकाबाटै उक्त राजस्व रकम एकीन गरी दाखिला गराउनुपर्दछ ।

---

३८ **जडिबुटी सुल्क** - साइपाल गाउँपालिकाको वार्षिक योजना पुस्तिका २०७९ को करको निर्धारण दायरा उल्लेख गरेको छ। सो अनुसार यार्सा संकलन कर पालिका भित्र रु ५०० छिमेकी गाउँपालिकामा रु १००० तय गरेकोमा रसिद काट्दा संख्या स्पष्ट नगरी कर लिने गरेको छ।

पालिकावाट काटिएका रसिदवाट जडिवुटी तर्फ एकमुष्ट नगदी रसिद काटने गरेको संख्या यकिन नगरी एकमुष्ट नगदी रसिद काट्ने गरेको छ। पालिका भित्र छिमेकी गाउंपालिका तथा जिल्ला प्रदेश भित्र र वाहिर आदि छुट्याउने गरी अभिलेख नराखेको हुंदा एवं रसिद काटदा संख्या यकिन नगरी एकमुष्ट काटने गरेकाले उठेको आम्दानी रकम यकिन गर्ने अवस्था रहेन।

पालिकाले पेश गरेको नगदी रसिद अनुसारको जोड जम्मावाट रु १४९६३७५ जम्मा गरी दाखिला गर्नुपर्नेमा ३वटा वैक भौचरवाट रु ११९८७९० मात्र दाखिला गरेको भौचर पेश हुन आएकोले नपुग रु २९७५८५ दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७,५८५ |

---

३९ **दहत्तर बहत्तर विक्री** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क(१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । पालिका लगायत अन्य सार्वजिनिक निकाय तथा व्यक्तिगत तवरबाट निर्माण कार्य भईरहेको अवस्थामा निर्माण सामग्री प्रयोग भईरहेको सहजै आकलन गर्न सकिन्छ ।पालिकाले यस वर्ष स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गरेको प्रमाण लेखापरीक्षणमा पेश गरेको छैन । पालिकाले आफ्नो क्षेत्रबाट दहत्तर बहत्तर विक्रि नगरेको भए नगर्नुको कारण र गरेको भए सो बापतको राजस्व सम्बन्धमा एकिन हुनुपर्ने देखिन्छ ।

---

४० **नगदी रसिदको आम्दानी दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ को दफा २७ मा कार्यालयलाई प्राप्त भएको राजस्व सोहि दिन वा भोलिपल्ट राजस्व लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । दफा २८ मा १० दिनभन्दा बढि भएमा १० प्रतिशतको दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाई समेत गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले लामो समयसम्म असुली भएको नगद दाखिला नगर्ने, वडा कार्यालयहरुले आम्दानी गरेको नगद लामो समयसम्म आफै राख्ने , असुली गरेको अनुसारको राजस्व दाखिला नगर्ने, कार्यालय प्रमुखले सम्बन्धित वडा

सचिवलाई सचेत गराई विभागीय कारबाही गरेको देखिएन । तथा नगदी रसिदवाट संकलन भएको वडा नं १ को रु २३००० र वडान २ को रु २२००० गरी जम्मा ४५००० आन्तरिक राजस्व बैक दाखिला गरेको पाइउन । वैक दाखिला गरेको भौचर पेश गर्नु पर्ने देखिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,००० |

४१ **आय अनुमान-** आय अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ८२५०००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १४८४१८० अर्थात अनुमान भन्दा ८२।०१ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४२ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २१११९८६१८ | १४८४१८० | ०.७० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमाछ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा घेराबार बाटो, निर्माण कार्य लगायतका २१ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ८६ जनालाई रोजगारी उपलव्ध गराई रु.४९६२२००।० खर्च गरेको छ ।निर्देशिका बमोजिम श्रमिकको ज्याला बैक खाता मर्फत भुक्तानी गर्नुपर्नेमा पालिकामा बैक नभएको कारण जनाइ नगदै बुझाएको भर्पाइ संलग्न गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट

लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन .यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

४४ **प्रस्तावना तयार नगरी खर्च-** २१५।२०७९।११।३० मिती २०७९।१०।१८ देखि २०७९।१०।२४ गते सम्म पालिका स्तरिय राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता तथा अध्यक्ष कप प्रतियोगिता संचालन गर्न खडग वहादुर विसिले भौन १०८।२०७९।१०।९ मा रु ८०००००।पेश्की लिइ फछ्र्यौट गरेकोमा निजले उक्तकार्यका लागी आर्थिक प्रस्तावना तयार नगरी विभिन्न विविध खर्चका विलहरु सामग्री खरिद ढुवानी खर्चका विलहरु संलग्न गरी पेश्को फछ्र्यौट गरेको एव खरिद गरीएका समानहरु वितरण गरेको साथै पुरस्कृत विध्यार्थिहरुको प्रमाण पत्र समेत संलग्न नगरी खर्चलेखेको देखिएकोले आर्थिक प्रस्तावना वेगर खर्चलेखि भुक्तानि गरेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

४५ **खर्चको प्रमाण**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.७,५४,८०३ सम्परीक्षण गरिएको ।)*

४६ **फरक शीर्षकमा खर्च** - गाउँपालिकाले सभाले विनियोजन गरेको खर्च शिर्षकबाट खर्च लेख्नुपर्दछ । यस वर्ष कार्यालयले देहायअनुसार सभाले विनियोजन गरेको शीर्षक भन्दा फरक शीर्षकमा खर्च लेखेको पाइयो । सभाले विनियोजन गरेको शीर्षकभन्दा फरक शीर्षकमा खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| भौन।मिती | लेख्नुपर्ने खर्च | लेखेको खर्च | भुक्तानी रकम |
|---|---|---|---|
| ११३।२०७९।१०।१० | गाडिभाडा | इन्धन | १३१००० |
| ४१८।२०८०।३।२३ | गाडिभाडा | इन्धन | ४५००० |
| ४२०।२०८०।३।२३ | ढुवानी | इन्धन | १०७००० |
| ४२६।२०८०।३।२३ | गाडिभाडा | इन्धन | २५००० |
| ४२७।२०८०।३।२३ | इन्धन | कार्यालय सामग्री | २१६००० |
| ४७।२०७९।८।१५ | उपकरण | कार्यालय सामग्री | ४०२००३ |
| | जम्मा | | ९२६००३ |

| | |
|---|---|
| अनियमित भएको | ९,२६,००३ |

४७ **विरुवा खरिद**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०६ को निर्णयबाट रु. १५,००० सम्परीक्षण गरिएको ।)*

---

४८ **गाडीभाडा भुक्तानी**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.१४,००० सम्परीक्षण गरिएको ।)*

---

४९ **आन्तरिक लेखापरीक्षणबाट औल्याइएको व्यहोरा-**

४९.१ ९३।०७९।११।२८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा पुष्टयाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यक्रम प्रस्ताव तथा लागत अनुमान स्वीकृत नगरी राष्ट्रपति रनिङ्ग सिल्डमा भाग लिन साइपाल गाउँपालिका अन्तर्गतका विद्यालयका विद्यार्थी र शिक्षकहरु जाँदाको खाना खाजा ड्रेस र यातायात खर्चमा रु ७३२९२० भुक्तानी भएको पाइयो । कार्यक्रम प्रस्ताव तथा लागत अनुमान स्वीकृत नगरी भुक्तानी भएको नियमसम्मत देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,३२,९२० |

४९.२ १९६।०८०।३।२२ साइपाल गाउँपालिका वडा नं ५ मा भवानी कृषि समुह द्वारा दलहन बाली विकास कार्यक्रम संचालन गर्दा ३६ त्रिपाल खरिद गरेको देखियो । सो वितरण गर्दा भरपाई गरी ३० त्रिपालमात्र वितरण गरेको पाइयो । बाँकी ६ त्रिपालको प्रति त्रिपाल ४००० को दरले हुने २४००० असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४९.३ ३५।०७९।८।१९ गाउँपालिकाले उपभोक्ता समितिमार्फत योजना संचालन गर्दा भुक्तानी सम्बन्धित उपभोक्ता समितिको बैकखातामार्फत गर्नुपर्दछ । निगाली काठेपुल र चिरिङ्ग बाटो निर्माण बापतको भुक्तानी रु ४८४५० शेर बहादुर बोहराको नाममा भएको पाइयो । साथै श्रेष्तासाथ कामभएको पुष्टि हुने फोटाहरु संलग्न गरेको पाइएन। भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिले बुझेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,४५० |

५० **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८०५४४६४६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना

र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५१ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका १ नाफामूलक संस्थालाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| क सं | गो भौ/ मिति | भुक्तानी पाउने | अनुदान रकम |
|---|---|---|---|
| १ | ४५२।०८०।३।२४ | उरै साइपाल बहुउद्देश्यीय सहकारी संस्था | १४२५००० |

| | |
|---|---|
| अनियमित भएको | १४,२५,००० |

५२ **अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर गाउपालिका वित्तीय समानिकरण अनुदान चालु खर्चबाट पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, खेलकुद, साँस्कृतिक कार्यक्रम संचालन, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी लगायत बिभिन्न कार्यका लागि अनुदान खर्च लेखेको केही उदाहरण निम्न अनुसार छन् : बितरित अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाटप्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीतितय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क सं | गो भौ /मिति | भुक्तानी पाउने | भुक्तानी प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४५२।०८०।३।२४ | उरै साइपाल बहुउद्देश्यीय सहकारी संस्था | बाख्रा कुखुरा पालन | १४२५००० |
| २ | १५२।०८०।२।१८ | भबानी महिला स्वास्थ्य आमा समूह | कृषि | ६२५००० |
| ३ | १९८।०८०।३।२२ | साइपाल कृषि समूह सहकारी संस्था | दलहन बाली पकेट कार्यक्रम | २००००० |
| ४ | १९०।०८०।३।२१ | लाफडी कृषक समूह | दलहन बाली पकेट कार्यक्रम | २००००० |
| ५ | २०६।०८०।३।२४ | कालिका कृषक समूह | दलहन बाली पकेट कार्यक्रम | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | २१७।०८०।३।२४ | रुपिदेउ कृषक समूह | दलहन बाली पकेट कार्यक्रम | २००००० |
| ७ | १९६।०८०।३।२२ | भबानी कृषक समूह सहकारी संस्था | दलहन बाली पकेट कार्यक्रम | २००००० |
| ८ | १६६।०८०।२।२१ | विभिन्न २० जना कृषकलाइ वितरण | ब्यावसायिक बाखा पकेट कार्यक्रम | ७००००० |
| ९ | २००।०८०।३।२० | विभिन्न १९ जना | लघु उद्यम कार्यक्रम | ८८१५०० |
| १० | २२४।०८०।३।२७ | विपन्न महिला २५ जना | आय आर्जन | ६२५००० |

बितरित अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सम्परीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गाडि रिजर्भ गरी भ्रमण खर्च भुक्तानी भ्रमण खर्च नियमाली २०६४ को नियम ४ मा सरकारी भ्रमण कम खर्चिलो तथा किफायती हुनुपर्ने व्यवस्था छ ।नमुना परीक्षण गर्दा गाउँपालिकाले देहायअनुसार कर्मचारी भ्रमणमा जाँदा गाडी रिजर्भ गरेको खर्च ९४००० भुक्तानी भएको पाइयो । यसरी गाडी रिजर्भ भाडा भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>भौन।मिती</td><td>भ्रमणगर्ने पदाधिकारी। कर्मचारी</td><td>गाडी भाडा रकम</td></tr>
<tr><td>४८।२०७९।८।१५</td><td>धुर्वराज जोशि</td><td>१२०००</td></tr>
<tr><td>१६१।२०७९।११।१२</td><td>शम्सेर वोहरा</td><td>६०००</td></tr>
</table></td><td>६०००.००</td></tr>
<tr><td>२</td><td>गाडि रिजर्भ गरी भ्रमण खर्च भुक्तानी भ्रमण खर्च नियमाली २०६४ को नियम ४ मा सरकारी भ्रमण कम खर्चिलो तथा किफायती हुनुपर्ने व्यवस्था छ ।नमुना परीक्षण गर्दा गाउँपालिकाले देहायअनुसार कर्मचारी भ्रमणमा जाँदा गाडी रिजर्भ गरेको खर्च ९४००० भुक्तानी भएको पाइयो । यसरी गाडी रिजर्भ भाडा भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>भौन।मिती</td><td>भ्रमणगर्ने पदाधिकारी। कर्मचारी</td><td>गाडिभाडा रकम</td></tr>
</table></td><td>१२०००.००</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | | | रकम |
|---|---|---|---|---|
| | ४८।२०७९।८।१५ | धुर्वराज जोशि | १२००० | |
| | १६१।२०७९।११।१२ | शम्सेर वोहरा | ६००० | |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान : साईपाल गाउँपालिका, बझाङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राधाकृष्ण जोशी | २०७५-१२-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पवन प्रकाश भट्टराई | २०७६-९-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०४१,७७१ | २४,४३४,४५० | १३,२४२,७६४ | ० | ० | १३,१२२,५८१ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५१,८४१,५६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,३२६,२१५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १८,००० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४५,५३३,३५१ |

स्थानीय तह : साइपाल गाउँपालिका, बझाङ ।

| | | | |
|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | | ५४६७९०२.२९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १५६८२४१०० | **चालु खर्च** | १२०७२८६७६.६४ |
| **प्रदेश सरकारबाट अनुदान** | १०३०४००० | **पूँजीगत खर्च** | ८०५४४६४६ |
| **राजश्व बाँडफाँट** | ४६२७०८३५.८८ | **वित्तीय/अन्य व्यवस्था** | ११७५६५८६९.०३ |
| **आन्तरिक आय** | १४८४१८०.० | | |
| **अन्य आय** | १२०४८१६३५.०३ | | |
| **कुल आय** | ३३५३६४७५०.९१ | **कुल खर्च** | ३१८८३९१९१.६७ |
| **बाँकी मौज्दात** | | २१९९३४६१.५३ | |